# स्थानीय राजपत्र


| कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ३ | सङ्ख्या ९ | मिति: २०७६/०६/१२ |


**भाग २**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको कार्यविधि सङ्ख्या ९

# कालिञ्चोक खेलकुद विकास कार्यविधि, २०७६

**प्रस्तावना:** कालिञ्चोक गाउँपालिका क्षेत्रभित्र रहेका युवाहरूको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरूलाई उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशीलताको प्रयायको रूपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ,

मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हारजितलाई सहज रूपमा लिने परिपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय, अन्तर ाष्ट्रिय रूपमा देशको पहिचान गर्न गराउन वाञ्छनीय भएकोले कालिञ्चोक गाउँकार्यपालिकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधीनमा रही यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

यस निर्देशिकाको नाम "**कालिञ्चोक खेलकुद विकास निर्देशिका २०७६**" रहनेछ ।

२. यो निर्देशिका गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"खेलकुद"** भन्नाले कालिञ्चोक गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनुपर्दछ ।

(ख) "**खेलाडी** "भन्नाले विभिन्न विधाका स्थानीय तह, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीलाई सम्झनुपर्दछ ।

(ग) "**खेलकुद समिति"** भन्नाले यो निर्देशिका बमोजिम गठित कालिञ्चोक खेलकुद विकास समितिलाई सम्झनुपर्दछ ।

(घ) “**प्रोत्साहन**” भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

(ङ) युवा भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समूहका युवालाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## कालिञ्चोक खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**४. कालिञ्चोक खेलकुद विकास समितिको गठनः**

(१) देहाय बमोजिम कालिञ्चोक गाउँपालिकास्तरीय खेलकुद विकास समितिको गठन देहाय बमोजिम १५ सदस्य भएको हुनेछ :-

क) गाउँकार्यपालिकाको सामाजिक तथा खेलकुद विकास समितिको संयोजक - अध्यक्ष

ख) खेलकुद क्षेत्रको विज्ञहरूमध्येबाट गाउँकार्यपालिकाले तोकेको व्यक्ति - उपाध्यक्ष

ग) प्रत्येक वडाका खेलकुदका विभिन्न विधाहरूबाट ९ जना - सदस्य

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी मध्येबाट १ जना महिला र १ जना पुरुष - सदस्य

ङ) विभिन्न खेलका प्रशिक्षक/निर्णायकहरूबाट समितिले मनोनित गरेका - सदस्य

च) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) खेलकुद विकास समितिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनुपर्नेछ ।

**५. खेलकुद समितिको काम, कर्तव्य र अधिकारः**

(१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकामा पेस गर्ने र खेल सम्बन्धी विभिन्न निकायसँग आर्थिक तथा प्राविधिक सहयोग माग गर्ने ।

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका वा नगरपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा कालिञ्चोक गाउँपालिका क्षेत्र भित्रका खेलाडी टिमलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

(ङ) कालिञ्चोक गाउँपालिकाको संयोजनमा बिभिन्न विधाका खेलाडीहरूको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागु गर्ने,

च) कालिञ्चोक गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

छ) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

ज) गाउँपालिकाले तोकेको खेलकुद सम्बन्धी अन्य कार्य गर्ने ।

झ) अधिकतम १५ जना सदस्य रहने गरी खेलको विधागत गाउँ खेलकुद विकास समिति गठन गर्ने,

ञ) अधिकतम ११ जना सदस्य रहने गरी वडा स्तरीय खेलकुद विकास समिति गठन गर्ने,

ट) विभिन्न स्थानमा आयोजना हुने खुल्ला खेलकुद कार्यक्रममा यस गाउँपालिका क्षेत्रभित्र रहेका सङ्घ संस्था, क्लब तथा खेलाडी समूहहरूले आफ्नै आर्थिक तथा अन्य व्यवस्थापनमा खेलमा समावेश हुन चाहेमा खेलकुद विकास समिति कालिञ्चोकको सिफारिसमा गाउँपालिकाको तर्फबाट सिफारिस गर्ने ।

(२) खेलकुद विकास समितिको आफ्नै छुट्टै बैङ्क खाता हुनेछ । साथै समितिले कोषको व्यवस्था गरी खेलकुद सञ्चालन गर्न सक्नेछ ।

**६. खेलकुद विकास समितिका सदस्यहरूलाई हटाउन सकिने** :

खेलकुद विकास समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा यस समितिको सिफारिसमा गाउँकार्यपालिकाले त्यस्तो सदस्यलाई कुनैपनि बेला हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ ।

**७. खेलकुद समितिको कार्यकाल** :

खेलकुद समितिको कार्यकाल ३ वर्षको हुनेछ । गाउँकार्यपालिकाले उचित ठानेमा अर्को एक वर्ष थप गर्न सक्नेछ ।

**८. प्रतिवेदन पेस गर्ने :**

(१) खेलकुद विकास समितिले सम्पन्न भइसकेका खेलकुद कार्यक्रमहरूको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

(२) प्रतिवेदनमा आएका विषयहरूलाई गाउँपालिकाले सार्वजनिक गर्नेछ ।

**९. खेलकुदको संरक्षण, सम्वर्धन र प्रवर्द्धन** :

(१) समग्र विधाको खेलकुदको संरक्षण, सम्वर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिबिधि अर्न्तगत गरिने कार्य यसै निर्देशिका बमोजिम गठित समितिले गर्नेछ ।

(३) खेलकुद विकास सम्बन्धी कार्यहरूका लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले र/वा अन्य निकायसँग समन्वय गरी गर्नेछ ।

**१०. खेलकुद संरक्षण समिति :** खेलकुदको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन को लागि तपसिल बमोजिमको संरक्षण समिति हुनेछ ।

संरक्षक - गाउँपालिका अध्यक्ष - १ जना

सदस्य - गाउँपालिका उपाध्यक्ष - १ जना

सदस्य - गाउँकार्यपालिकाको सदस्यहरू मध्येबाट १ महिला सहित - २ जना

सदस्य - गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - १ जना

## परिच्छेद ३

## आचार संहिता

**११. आचारसंहिताः**

खेलकुद विकास समितिका पदाधिकारीहरू, खेल सम्बन्धी विषयका खेलाडीहरू तथा खेलसँग सम्बन्धित अन्य व्यक्तिहरूले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः–

(१) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईनेछैन ।

(२) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई समेत मान्यता दिइनेछ ।

(३) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर, कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

(४) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिममा समावेश गराइनेछैन ।

(५) खेलका विजय पश्चात प्राप्त हुने संस्थागत शिल्ड तथा ट्रफी गाउँपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ ।

(६) खेलकुद विकास समिति कालिञ्चोकको तर्फबाट विभिन्न विधाका खेलमा सहभागी भई प्राप्त नगद पुरस्कारको २० प्रतिशत रकम खेलकुद विकास समितिको कोषमा जम्मा गरी खेलकुद विकासको क्षेत्रमा उपयोग गरिनेछ ।

(७) खेलको निर्णायक राख्दा सम्बन्धित खेलमा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राखिनेछैन ।

(८) खेलाडीहरूले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टिमका व्यक्तिहरू वा टिमलाई इङ्गित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग, व्यक्तिगत वा संस्थागत नामबाट अश्लील शव्द वा अभद्र व्यवहार गर्न पाइनेछैन ।

(९) खेलको प्रतिस्पर्धाको निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा कुनैपनि चन्दा उठाउन पाइने छैन ।

(१०) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा खेलकुद विकास समितिको कोषमा आम्दानी जनाई समितिबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(११) यस अघि नै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरूले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढङ्गले खेल सञ्चालन गर्न सक्नेछन् ।

**१२. सौजन्यता :**

दर्तावाला संस्थाहरूले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ तर गाउँपालिकाको स्वीकृति नलिई व्यक्ति वा संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न बाधा पर्नेछैन ।

## परिच्छेद ४

## दर्ता, नवीकरण र विघटन

**१३. दर्ता र नविकरण :**

(१) गाउँपालिकाभित्र गठित कुनै पनि सङ्घ संस्था वा क्लब वा खेलकुदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । खेलकुदसँग सम्बन्धित दर्ता नभएका संस्था वा क्लबलाई खेल सञ्चालन गर्न गाउँपालिकाले स्वीकृति दिनेछैन ।

(२) संस्था दर्ता र विधान स्वीकृतिको लागि **अनुसूची-१** को ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत तथा सस्था दर्ता गरी **अनुसूची-२** को ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) खेलकुद विकास समिति गठन हुनु भन्दाअघि दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि **अनुसूची-३** को ढाँचामा लिखित निवेदन दिनुपर्नेछ।

(५) सूचीकृत भएका सस्थाहरूलाई अनुसूची ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिईनेछ। प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ।

(६) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिइने निवेदन अनुसूची-५ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

(७) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क तोकिए बमोजिम लाग्नेछ।

(८) प्रत्येक वर्षको असार मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरूले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ।

**१४. जरिवानाः** दर्ता भएका खेलकुदसम्बन्धी संस्थाहरूले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ :

| | |
|---|---|
| (क) एक वर्षसम्म नवीकरण नगरेमा | रु २००/– |
| (ख) दुई वर्षसम्म नवीकरण नगरेमा | रु ५००/– |
| (ग) तीन वर्ष सम्म नवीकरण नगरेमा | रु १०००/- |

**१५.** तीन वर्षभन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ।

**१६.** समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ।

**१७. संस्थाको विघटन**

दर्ता भएको खेलकुदका संस्थाहरू देहायको अवस्थामा विघटन हुनेछन् :–

(क) संस्था समस्याग्रस्त भई संस्थाका तीन चौथाई बहुमतले संस्था विघटन गर्ने भनी औचित्यको आधारमा निर्णय गरेमा,

(ख) लगाातार ३ वर्षसम्म संस्था नवीकरण नगरेमा,

**१८. विघटित संस्थाको सम्पत्ति :**

विघटित भएको संस्थाको सम्पत्ति गाउँपालिकाको मातहतमा रहनेछ।

**१९. खारेजी र बचाऊ :**

क) यस अघि प्रचलित खेलकुदसँग सम्बन्धित निर्णय र नीति नियमहरू खारेज हुनेछ। यसअघि भएका खेलकुदका गतिविधिहरू यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

ख) यस कालिञ्चोक खेलकुद विकास कार्यविधि २०७६, का दफा तथा उपदफाहरू कानुनसँग बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**दफा १३ को उपदफा २ सँग सम्बन्धित)**

## अनुसूची १

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

कालिञ्चोक गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा ।

**विषय : संस्था दर्ता सम्बन्धमा ।**

म/हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको खेलकुदसम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरूको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ ।

संस्थाको नाम :..........................................................

संस्थाको कार्यालय रहने स्थान :............................................

कालिञ्चोक गाउँपालिका वार्ड नं........., टोलको नाम......................

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नाम | नाम |
| मिति | मिति |

**निवेदन साथ पेस गर्नु पर्ने कागजातहरू :**

क) संस्थाको विधानको मस्यौदा ।

ख) आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रतिलिपि ग) संस्थाको छापको नमुना ।

**(दफा १३ को उपदफा ३ सँग सम्बन्धित)**

## अनुसूची २

## कालिञ्चोक गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय,

## सुनखानी, दोलखा

### संस्था दर्ता प्रमाणपत्र

संस्थाको नाम :.........................................................

ठेगाना :.....................................................

दर्ता हुँदाको समयमा रहनुभएका समितिको पदाधिकारी र सदस्य सङ्ख्याः

दर्ता हुँदाको समयमा रहनुभएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । कालिञ्चोक गाउँपालिका खेलकुद निर्देशिका र विधानको अधीनमा रही खेलकुदसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

मिति :

## संस्था नवीकरणको विवरण

| क्र. सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(दफा १३ को उपदफा ४ सँग सम्बन्धित)**

## अनुसूची ३

मिति :-

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

कालिञ्चोक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

सुनखानी, दोलखा ।

**विषयः संस्था सूचीकृत गरिदिनु हुन ।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

**संलग्न कागजातहरू**

क) दर्ता प्रमाणपत्र

ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाणपत्र

घ) समितिको निर्णय

सचिव अध्यक्ष

**(दफा १३ को उपदफा ५ सँग सम्बन्धित)**

**अनुसूची ४**

कालिञ्चोक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सुनखानी, दोलखा ।

**संस्था सूचीकृत प्रमाणपत्र**

संस्थाको नाम :.....................................................

ठेगाना :..............................................

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य सङ्ख्याः

दर्ता हुँदाका समयमा रहनु भएको अध्यक्षको नाम :

माथि उल्ललेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाणपत्र प्रदान गरिएको छ । कालिञ्चोक गाउँ खेलकुद निर्देशिका र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

मिति :

## सस्था नवीकरणको विवरण

| क्र. सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ५
## (दफा १३ को उपदफा ६ सँग सम्बन्धित)

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कालिञ्चोक गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
सुनखानी, दोलखा ।

**विषय : संस्था नवीकरण गरी पाऊँ ।**

........................................................ नामक संस्था यस .............................. गाउँपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिमका कागजपत्र संलग्न राखी नवीकरण गरी पाऊँ भनी निवेदन गर्न आएको छु/छौं । अतः आर्थिक वर्ष................को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु ।

**निवेदन साथ पेस गर्नु पर्ने कागजातहरू**

क) आर्थिक वर्ष ................. को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट ।

निवेदक

**प्रमाणीकरण मिति: २०७६।०६।१२**

**आज्ञाले,**
**माधव घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**